# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) वीरेन्द्रनगर, सुर्खेत, मंसिर १ गते, २०८२ साल (संख्या ०८

## भाग-३

कर्णाली प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालयको
सूचना

कर्णाली प्रदेश विशेष अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२ कर्णाली प्रदेश सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भएकोले यो सूचना सर्वसाधारणको लागि प्रकाशन गरिएको छ।

**कर्णाली प्रदेश विशेष अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२**

कर्णाली प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१ लाई संशोधन गर्ने वाञ्छनीय भएकोले

कर्णाली प्रदेश वित्तीय हस्तान्तरण (व्यवस्थापन) ऐन, २०७५ को दफा ९ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम कर्णाली प्रदेश विशेष अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२ रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. कर्णाली प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१ को दफा ४ मा संशोधनः कर्णाली प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१ (यस पछि मुल कार्यविधि भनिएको) को दफा ४ को उपदफा (८) पछि देहायको उपदफा (९) र (१०) थप गरिएको छ।

"(९) दफा ५ को उपदफा (३) बमोजिमको उपसमितिले मूल्याङ्कन गर्दा दफा ४ को उपदफा (१) बमोजिमको अवधिभित्र आयोजना वा कार्यक्रमको प्रस्ताव नगरेका वा प्रस्तावित आयोजना वा कार्यक्रम रितपूर्वक पेस नगरेका स्थानीय तहको हकमा मन्त्रालयले एक पटकको लागि ७ दिनको म्याद दिई पुनः प्रस्ताव माग गर्न सक्नेछ।"

"(१०) यस कार्यविधि अनुसार स्थानीय तहले अन्य निकाय वा संघसंस्थाबाट कार्यान्वयन गर्ने वा

पुनः अनुदान दिने वा लगानी गर्ने गरी आयोजना वा कार्यक्रम प्रस्ताव गर्न पाइने छैन।"

३. <u>मुल कार्यविधिको दफा ५ मा संशोधनः</u> मुल कार्यविधिको दफा ५ को उपदफा (६) पछि देहायको उपदफा(७) थप गरिएको छ।

"(७) उपदफा (३) बमोजिमको उपसमितिले मूल्याङ्कन गर्दा प्रस्ताव भएका आयोजना वा कार्यक्रमको कुनै भाषिक, शाब्दिक वा प्राविधिक त्रुटी देखिएमा सम्बन्धित स्थानीय तहको अनुरोधको आधारमा मन्त्रालयलले आयोजनाको नाम वा प्राथमिकताक्रम फरक नपर्ने गरी त्रुटी सच्याउन सक्नेछ।"

४. <u>मुल कार्यविधिको दफा ११ मा संशोधनः</u> मुल कार्यविधिको दफा ११ को उपदफा (७) पछि देहायको उपदफा (८) थप गरिएको छ।

"(८) यस कार्यविधि बमोजिम स्थानीय तहबाट कार्यान्वयन हुने गरी हस्तान्तरित आयोजना वा कार्यक्रम आफैले कार्यान्वयन नगरी अन्य निकाय वा संघसंस्थाबाट कार्यान्वयन गराउन वा पुनः अनुदान दिन वा लगानी गर्न पाइने छैन"

आज्ञाले
यज्ञ पुरी
प्रदेश सचिव

निर्णय भएको मिति २०८२।६।२८

**आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित**



आन्तरिक मामिला तथा कानून मन्त्रालय